## कार्यपालिका वैठक नं. ११ आ.व.२०८२- ०८३ (२०८३/०३/०१)

आज मिति २०८३/०३/०१ गतेका दिन बिहान ९ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
| --- | --- | --- | --- |
| १ | अध्यक्ष | शुक्र चुमान | [signature] |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | [signature] |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | [signature] |
| ४ | सदस्य | आस बहादुर गुरुङ | [signature] |
| ५ | सदस्य | दिनेश के.सी. | [signature] |
| ६ | सदस्य | मिलन भुजेल | [signature] |
| ७ | सदस्य | सन्तोष गुरुङ | [signature] |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | [signature] |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | [signature] |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | [signature] |
| १४ | सदस्य | भुगोल वि.क. | [signature] |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | [signature] |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | [signature] |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ चुमान | [signature] |
| १८. | का. सहयोगी | मिना ढकाल | [signature] |

[signature]

**कार्यपालिका बैठक नं. ११ आ.व.२०८२- ०८३ (२०८३/०३/०१) गतेको प्रस्तावहरु**

१. समीक्षा सम्बन्धमा।

२. ठेक्का सम्झौता अन्त्य तथा कारवाही सम्बन्धमा।

३. विधायन समितिद्वारा पेश भएको विधेयक तथा कार्यविधी सम्बन्धमा।

४. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

५. आँबुखैरेनी वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं. ११ आ.व.२०८२- ०८३ (२०८३/०३/०१) गतेको निर्णयहरु

**१. समीक्षा सम्बन्धमा।**

क) अघिल्लो कार्यपालिका बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु, शाखाहरु, आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुबाट पेश हुन आएका जेठ महिनाको प्रगति प्रतिवेदन उपर छलफल गरी गाउँपालिकाको वेवसाईट र प्रवक्ता मार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

ग) प्रमुख प्रशासकिय अधिकृत बाट पेश भएको कार्यालयको जेठ महिनाको आम्दानी र खर्च प्रतिवेदन उपर छलफल गरी गाउँपालिकाको वेवसाईट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो।

**२. ठेक्का सम्झौता अन्त्य तथा कारवाही सम्बन्धमा।**

आयोजना कार्यान्वयनका लागि यस कार्यालयसँग सम्झौता गरी कार्यादेश प्राप्त निर्माण व्यवसायी श्री घाँसिकुवा निर्माण सेवा प्रा.लि.तनहुँले सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न गर्न नसकेको हुँदा प्रचलित कानुन बमोजिम ठेक्का सम्झौता अन्त्य गरी कार्य सम्पादन जमानत जफत गर्नुका साथै प्रचलित कानुन बमोजिमका कारवाही प्रकृया अगाडी बढाउने निर्णय गरियो।

**३ . विद्यायन समितिद्वारा पेश भएको विद्येयक तथा कार्यविधी सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँकार्यपालिकाको स्वीकृत नीति तथा कार्यक्रमहरु बमोजिमका योजना तथा कार्यक्रमहरु र कार्यालयको काम कारबाहिहरुलाई नियमसंगत र व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि गाउँपालिकाको विद्यायन समितिबाट निर्णय भई स्वीकृतिका लागि पेश भएका तपशिल बमोजिमको कार्यविधी र विद्येयक उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयो र विद्येक अनुमोदनको लागि गाउँसभाको १९औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**तपशिलः**

क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, ०८३

ख. विषयगत समिती (कार्यसञ्चालन) सम्बन्धी कार्यविधी, २०८३

**४. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका वडा नं.२ स्थित अँधेरीखोला नजिक चमेरो गुफामा पर्यटकहरुको आवतजावत बढीरहेको हुँदा सो गुफासम्म जाने बाटो मर्मत गरी आवागमन सहज गराउने उदेश्यका साथ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम बाट खर्च हुनेगरी आँबुखैरेनी चोक देखि अँधेरीखोला सम्म गोरेटो बाटो निर्माण योजनाको लागि जम्मा रु.१०००००/- बजेट विनियोजन गर्ने निर्णय गरियो।

**५. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष श्री शुक्र चुमानद्वारा पेश भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम उपर छलफल गरी बैठकमा प्राप्त सुझाव सहित समावेश गरी अर्को कार्यपालिका बैठकमा थप छलफल गर्ने र आगामी कार्यपालिका बैठक यहि असार ०३ गते बिहान ८ बजे बस्ने निर्णय सहित बैठक समापन गर्ने निर्णय गरियो।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं. १२ आ.व.२०८२- ०८३ (२०८३/०३/०३)

आज मिति २०८३/०३/०३ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ | |
| १८ | का. सहयोगी | विमला ढकाल | |

Scanned with CamScanner

## कार्यपालिका वैठक नं. १२ आ.व.२०८२- ०८३ (२०८३/०३/०३) का प्रस्तावहरु

१. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।

२. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा।

## कार्यपालिका वैठक नं. १२ आ.व.२०८२- ०८३ (२०८३/०३/०३) का निर्णयहरु

**१. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाका आदरणीय अध्यक्ष ज्यूबाट पेश भएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम उपर छलफल गरी स्वीकृत गर्ने र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने।

**२. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा छलफल गरी सम्पूर्ण विषयगत समिती वडा समिती तथा शाखाहरुसँग थप छलफल अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

Scanned with CamScanner

सम्मानित सभाका सम्पुर्ण सदस्यज्युहरु,

आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम लिएर यहाँहरुको सामु प्रस्तुत हुँदै गर्दा सर्वप्रथम देश र दुनिया परिवर्तनको लागि आफ्नो ज्यानको आहुति गर्नुहुने सम्पुर्ण जनक्रान्ति, जनयुद्ध र जनआन्दोलन हुँदै जेन- जी आन्दोलन सम्मका महान सहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु। बेपत्ता योद्धा प्रति सम्मान गर्न चाहन्छु। घाइते योद्धा प्रति पूर्ण स्वास्थ्य लाभको कामना सहित सम्मान व्यक्त गर्न चाहन्छु। साथै नागरिकको घरदैलोको सरकारको रुपमा आम जनताको चाहना अनुसार विकास निर्माण, रोजगारीको सृजना, गुणस्तरीय, सर्वसुलभ र निःशुल्क शिक्षा र स्वास्थ्य व्यवस्था एवं निमुखाको साहारा हुने अभिलाशा सहित निर्वाचित गराउनुहुने आम आँबुखैरेनी वासी प्रति उच्च सम्मान व्यक्त गर्दछु।

सभाको सदस्यज्युहरु,
गाउँपालिकाको मूल नारा

"पर्यटन, कृषि, उद्यम र पूर्वाधार : सुखी र समृद्ध आँबुखैरेनीको आधार"
"शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको महत्व : आँबुखैरेनी गाउँपालिकाको दायित्व"
कै अधिनमा रही निम्न २२ बुँदे नीति तथा कार्यक्रम पेश गरेको छु।

१. नागरिकको गुणस्तरीय स्वास्थ्य उपचार, जिम्मेवार पालिका सरकार

- आँबुखैरेनी अस्पतालबाट दिइदै आएको सेवा थप गरी भौतिक पूर्वाधार, उपकरण, जनशक्ति आदिको स्तर उन्नति गरिनेछ। स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रबाट दिइदै आएको सेवा व्यवस्थित गरीनेछ। आँबुखैरेनी वडा नं. ६, पुर्लुङमा नयाँ आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरीनेछ।
- *योग ध्यान आज- निरोगी समाज* कार्यक्रम सञ्चालन गरी शारिरीक तथा मानसिक रुपमा खुसी नागरिक र सभ्य समाज निर्माण गरीनेछ।
- कोही नागरिक पैसाको अभावमा उपचार सेवाबाट वञ्चीत हुन नपरोस भन्ने हेतूले विपन्न समुदायको आँबुखैरेनी अस्पतालबाट हुने विशेषज्ञ सेवा सहितको उपचार निःशुल्क हुने व्यवस्थालाई निरन्तरता दिई थप व्यवस्थित गरीनेछ।
- सम्पूर्ण चेपाङ परिवारको स्वास्थ्य बीमा पालिकाबाट निःशुल्क गर्ने गरी कार्यक्रम सञ्चालन गरीनेछ।

२. प्रविधिमैत्री विद्यालय, दक्ष शिक्षक, सफल विद्यार्थी

- सामुदायिक विद्यालयलाई प्रविधिमैत्री विद्यालय निर्माण अभियान निरन्तरता दिइनेछ। आवश्यक कम्प्युटर ल्याव, विज्ञान ल्याव, स्मार्ट वोर्ड, द्रुत क्षमताको इन्टरनेट व्यवस्था कार्यक्रमलाई निरन्तरता दिइनेछ। शिक्षकको क्षमता अभिवृद्धिको लागि तालिमको व्यवस्था, शिक्षक प्रोत्साहन कार्यक्रम, प्रधानाध्यापक प्रोत्साहन आदि कार्यक्रमको निरन्तरता दिइनेछ।
- पालिका छात्रवृति कोष व्यवस्थापन तथा विस्तार गरी विद्यालय तहमा पनि विपन्न तथा जेहेन्दार विद्यार्थीको विद्यालय तह पढ्ने सुनिश्चितता गरीनेछ। संस्थागत विद्यालय तर्फको छात्रवृतिलाई थप व्यवस्थित गरीनेछ। संस्थागत विद्यालय र सामुदायिक विद्यालय बिचको सहकार्य अगाडि बढाइनेछ।

Scanned with CamScanner

### ३. उच्च शिक्षा तथा बहुप्राविधिक शिक्षालय

- पालिकाको एक मात्र उच्च शिक्षा अध्ययन गर्ने क्याम्पस आँबुखैरेनी क्याम्पसको QAA मान्यता प्राप्तिको तथा स्नातकोत्तर तह संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य विज्ञान सहितको बहुप्राविधिक शिक्षालय स्थापनाको लागि सिटिइभिटी तथा संघ, प्रदेश सरकारसँग सहकार्य गरीनेछ ।

### ४. खेलकुद

- पालिका स्तरमा खेलकुद विकासको लागि ग्रास रुटमै विभिन्न कार्यक्रम संचालन गरी पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरीनेछ ।
- पालिका स्तरीय रंगशाला, आँबुखैरेनी- २, मार्कीचोक को स्तर उन्नति गरीनेछ ।
- शहरी वडामा खुला व्यायामशाला स्थापना गरीनेछ ।
- पालिका स्तरीय कभर्ड हल निर्माण यसै आर्थिक वर्षमा सम्पन्न गरीनेछ ।

### ५. युवा, रोजगारी तथा आय वृद्धिको आधार

### धार्मिक, साँस्कृतिक तथा पर्यापर्यटन पूर्वाधार

- पालिकाको धार्मिक, प्राकृतिक तथा साँस्कृतिक क्षेत्रको सौन्दर्यकरण गरी पर्यापर्यटन विकास मार्फत आम जनताको आय आर्जन वृद्धि गरीनेछ ।
- छिम्केश्वरी, आँधीमुल, ऐना पहरा, पर्यटकीय गाँउको पूर्वाधार विकासलाई निरन्तरता दिईनेछ ।
- अकला मन्दिरको स्तर उन्नति कार्यलाई अगाडि बढाइनेछ ।
- एकिकृत डिजिटल प्ल्याटफर्म मार्फत पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गर्न स्थानीय युवाहरुलाई स्वरोजगार कार्यक्रम सञ्चालन गरीनेछ ।
- पालिकाको सम्भाव्य पर्यटकीय स्थलहरु चमेरो गुफा, अक्लाङ पार्क तथा चौतारा आदी क्षेत्रको विकास गरीनेछ ।

### ६. किसानको पसिनाको सम्मान, उत्पादनको आधारमा विशेष प्रोत्साहन अनुदान

- पालिकाको समग्र कृषि उत्पादन वृद्धि गरी आत्मनिर्भर पालिका निर्माण गर्न तथा *कागजी किसानले होइन माटोमा जोडिएको वास्तविक किसानले* उत्पादनको आधारमा अनुदान र प्रोत्साहन पाउने ग्यारेण्टी गरीनेछ ।
- प्रति लिटर दुध अनुदानलाई यथेष्ट वृद्धि गरीनेछ ।
- मास, फापर आदी बालीमा दिइदै आएको प्रति के.जी अनुदानलाई निरन्तरता दिईनेछ । साथै यो वर्ष प्रत्येक वडामा खसी बोका संकलन केन्द्र स्थापना गरी मासुमा प्रति के.जि. अनुदानको व्यवस्था मिलाइनेछ ।

Scanned with CamScanner

## ७. कृषकको लगानीको सुरक्षा, समृद्ध कृषि बाली तथा पशुपालनको सुनिश्चतता

- आँबुखैरेनी गाउँपालिकाको ४, ५ र ६ नं. वडामा पालिका सहितको साझेदारी र समन्वयमा सञ्चालित पशु बीमा कार्यक्रमलाई सम्पूर्ण पालिकास्तरमा विस्तार गरीनेछ।
- प्राकृतिक विपत्ति आदिको कारण फलफूल तथा कृषि बालीमा किसानको लगानी डुबिरहेको परिप्रेक्ष्यमा किसानको लगानी सुरक्षित गर्न यसै आर्थिक वर्षमा कृषि बाली बीमालाई व्यवस्थित गरीनेछ।

## ८. स्वस्थ पशुधन, बढ्दो उत्पादन, प्रजनन सुधार हाम्रो अभियान

- पशुमा देखिने बाँझोपन सुधारको लागि शिविर सञ्चालन गरीनेछ।
- पशु सेवा क्लिनिकको स्थापना र सञ्चालन गरीनेछ।
- निःशुल्क कृत्रिम गर्भाधारणको व्यवस्था गरीनेछ।

## ९. हाम्रो रहर, उज्यालो स्मार्ट र सुरक्षित शहर

- पालिकाको पृथ्वी राजमार्ग आसपासको बजार तथा गाउँहरुलाई स्थानीय टोल विकास संस्था, इलाका प्रहरी कार्यालय तथा सरोकारवालाहरुसँगको साझेदारी तथा सहकार्यमा सडक बत्ती व्यवस्थापन, सि.सि क्यामेरा व्यवस्थापन आदि कार्यक्रम सञ्चालन गरीनेछ।

## १०. आफ्नै आँगनमा भुमि प्रशासन

- नागरिकको भुमि सम्बन्धी सम्पूर्ण सेवा पालिका बाट नै दिने संविधान प्रदत्त स्थानीय तहको अधिकार र जनताको घर दैलोमा सेवा विस्तारको लागि आगामी आर्थिक वर्षमा भुमी प्रशासन सेवा सञ्चालन गर्न आव्रश्यक जनशक्ति, पूर्वाधार आदीको व्यवस्था गरी संघ सरकारसँग आवश्यक समन्वय गरीनेछ।

## ११. भुमिहीनको हातमा धनी पुर्जा - समतामूलक समाजको उर्जा

- पालिकाको सम्पूर्ण भुमिहीन सुकुम्बासी, दलित भुमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी समस्या समाधानको लागि निस्सा वितरण, जग्गा नाँपजाँच, प्रमाणिकरण गर्ने जस्ता पालिकाको सम्पूर्ण जिम्मेवारी सम्पन्न गरी जिल्ला भुमी आयोगमा सम्पूर्ण फाइल वुझाइएको, १३ जना भुमिहीन सुकुम्वासीहरुलाई लालपुर्जा वितरण गरिसकीएको सन्दर्भमा यो आर्थिक वर्षमा कम्तिमा भुमिहीन सुकुम्वासी तथा दलित भुमिहीन सुकुम्वासीहरुलाई लालपुर्जा वितरणका लागी जिल्ला तथा संघीय समीतिसँग आवश्यक समन्वय गरीनेछ।

## १२. ग्रामिण सडक, खानेपानी, सिंचाइ तथा पुर्वाधार - फेरिदैछ पालिकाको मुहार

- पालिकाको प्रमुख सडकहरुको कालोपत्रे तथा ढलानलाई निरन्तरता दिइनेछ। अधुरो मार्गलाई पूरा गर्ने कार्यलाई प्राथमिकतामा दिइनेछ।
- ग्रामिण क्षेत्रमा *एक घर- एक धारा* पूर्वाधार निर्माणमा निरन्तरता दिइनेछ।
- शहरी क्षेत्रमा खानेपानी उपभोक्ता समितिको सहकार्यमा न्यूनतम खानेपानी महशुल निःशुल्क बनाइनेछ
- टार तथा खेती योग्य जमिन सिंचाइको लागि आवश्यक योजना ल्याइनेछ।

Scanned with CamScanner

## १३. जेष्ठ नागरिक, महिला बालबालिका तथा अपाङ्गमैत्री पालिका

- बालमैत्री गाउँपालिका घोषणाको लागि आवश्यक तयारी पूरा गरीनेछ ।
- जेष्ठ नागरिक लक्षित गरी ***घर आँगनमा डाक्टर कार्यक्रम*** सञ्चालन गरी कम्तिमा त्रैमासिक रुपमा स्वास्थ्य चेक जाँचको व्यवस्था गरीनेछ ।
- अपाङ्गता समस्या भएका नागरिकहरु लक्षित ***सीप तथा उद्यम कार्यक्रम*** सञ्चालन गरीनेछ ।
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको कामलाई व्यवस्थित गरीनेछ । समुदाय स्तरमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरीनेछ ।

## १४. भेदभाव, छुवाछुत र हिंसामुक्त सभ्य समाज

- सम्पूर्ण किसिमका जातीय, लैङ्गीक, घरेलु, महिला तथा बालबालिकासँग सम्बन्धित भेदभाव, छुवाछुत र हिंसा विरुद्ध सरोकारवालाहरुलाई सद्भाव तथा सचेतना कार्यक्रम सञ्चालन गरीनेछ ।
- लागू औषध दुर्व्यसनी, साइबर क्राईम, बालविवाह जस्ता सामाजिक कुरीति र व्यथिती विरुद्ध विद्यालय तथा समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरीनेछ ।

## १५. विपन्न आवास सुधार

- आँबुखैरेनी गाउँपालिका भित्रका विपन्न परिवारका नागरिकहरुको जोखिमयुक्त घरहरुको सुधार कार्यक्रम सञ्चालन गरीनेछ ।

## १६. सीप विकास तथा उद्यम

- पालिकामा सीप विकास शाखाको स्थापना गरी यो वर्ष सीप विकास वर्षको रुपमा कार्यक्रम सञ्चालन गरीनेछ ।
- विदेशबाट विभिन्न सीप सिकेर स्वदेश फर्किएका वा स्वदेशमै रहेका पालिका भित्रका स्थानीय युवाहरुलाई उद्यम सञ्चालन गर्न कानूनी तथा वित्तीय सहजीकरणको व्यवस्था मिलाईनेछ ।

## १७. राजश्व सुधार अभियान

- आँबुखैरेनी गाउँपालिकाको राजश्व सुधारको लागि विशेष कार्यक्रम तथा विशेष अभियान सञ्चालन गरीनेछ ।
- जनमुखी उत्तरदायी र नागरिक केन्द्रित सेवा प्रवाहलाई सुदृढ गरी घरमै बसी कर तथा राजश्व तिर्न सकिने डिजिटल प्रणालीको विकास गरीनेछ ।

## १८. फोहोरमैला व्यवस्थापन

- पालिकाका टोल विकास सँस्था तथा विभिन्न निजी तथा गैरसरकारी सँस्थाहरुको समन्वय र साझेदारीमा फोहोरमैलाको स्रोतमै वर्गीकरण गरी कुहिने फोहोरहरुलाई कम्पोष्ट मलमा रुपान्तरण गर्ने र बजार क्षेत्रका नागरिकहरुको कौसी खेतीमा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ । नकुहिने फोहोरहरुलाई उचित व्यवस्थापन गरिनेछ ।

Scanned with CamScanner

- पर्यटकीय स्थलहरुको सरसफाइको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

## १९. वन तथा वातावरण

- पालिकाका सामुदायिक वनहरुसँगको समन्वय, सहकार्य र साझेदारीमा रैथाने, गरिबी निवारण, सीप विकास, वन तथा वातवरण संरक्षण, विकास पूर्वाधार कार्यक्रम सञ्चालन गरीनेछ ।

## २०. मेरो पूर्वाधार - मेरो जिम्मेवारी

- सडक, खानेपानी, नाला जस्ता पूर्वाधारहरुको दिगो उपयोग तथा संरक्षणका लागि सरसफाई नाली व्यवस्थापन तथा साना मर्मत कार्यहरुमा स्थानीय समुदायको प्रत्यक्ष सहभागीता सुनिश्चितता गरी ***मेरो पूर्वाधार - मेरो जिम्मेवारी*** अभियान सञ्चालन गरीनेछ ।
- मुख्य सडकमा रोड मेन्टिनेन्स ग्रुप गठन गरी निरन्तर मर्मत गरीनेछ ।

## २१. विपद व्यवस्थापन

- पालिकाभित्र आईपर्ने विपदजन्य घटनाको उद्धार तथा राहत व्यवस्थापनका लागि विपद व्यवस्थापन सम्वन्धी कार्य अगाडि बढाइनेछ ।
- आगलागी नियन्त्रण पूर्व तयारीको लागि टोल विकास संस्थासँगको सहकार्यमा Fire Extinguisher र Fire Hydrant को व्यवस्थापन गरीनेछ ।

## २२. सम्पदा तथा संस्कृति संरक्षण

- आँबुखैरेनी गाउँपालिकामा रहेका आदिवासी जनजाती, दलित तथा खस आर्य समूदायको सम्पदा तथा संस्कृति संरक्षण कार्यक्रम सञ्चालन गरीनेछ ।
- परम्परागत बाजा, भजन, क्रिश्चियन तथा मुस्लिम समूदायको संस्कृति संरक्षण सम्वन्धी नीति लिइनेछ
- आदिवासी बहुसांस्कृतिक संग्राहलय निर्माणलाई निरन्तरता दिईनेछ ।

धन्यवाद ।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं. १३ आ.व.२०८२- ०८३ (२०८३/०३/०९)

आज मिति २०८३/०३/०९ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १७ | प्रशा. सहायक | अपेक्षा [illegible] चुमान | |
| १८. | का. सहयोगी | बिमला ढकाल | |

Scanned with CamScanner

**कार्यपालिका बैठक नं. १३ आ.व.२०८२- ०८३ (२०८३/०३/०१) को प्रस्तावहरु:**

१. आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विद्येयक, २०८३ सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विद्येयक, २०८३ सम्बन्धमा ।

३. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा ।

४. गाउँसभामा अनुमोदनको लागि पेश गरिने विविध प्रस्तावहरु सम्बन्धमा ।

क. कार्यपालिकाको निर्णय अनुमोदन सम्बन्धमा ।

ख. कर्मचारी करार म्याद थप सम्बन्धमा ।

ग. खर्च अनुमोदन सम्बन्धमा ।

घ. न्यायिक समितिद्वारा पेश भएको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

क. खर्च अनुमोदन सम्बन्धमा ।

ख. खाता परिवर्तन सम्बन्धमा ।

Scanned with CamScanner

**१. आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विद्येयक, २०८३ सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका उपाध्यक्ष एवं स्थानीय राजश्व परामर्श समितीका संयोजक श्री दुर्गा अर्यालज्यूले पेश गर्नुभएको आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आर्थिक विद्येयक, २०८३ उपर आगामि कार्यपालिका बैठकमा थप छलफल गरि निर्णय गर्ने।

**२. आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विद्येयक, २०८३ सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री दुर्गा अर्यालज्यूले पेश गर्नुभएको आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विद्येयक, ०८३ उपर आगामि कार्यपालिका बैठकमा थप छलफल गरि निर्णय गर्ने।

**३. आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा योजना/कार्यक्रम सम्बन्धमा सम्पुर्ण विषयगत समितिहरुको निर्णय तथा वडा समितिको निर्णय बमोजिमका योजना तथा बजेटहरु उपर छलफल गरियो र आगामि कार्यपासिका बैठकमा थप छलफल गरी निर्णय गर्ने।

**४. गाउँसभामा अनुमोदनको लागि पेश गरिने विविध प्रस्तावहरु सम्बन्धमा।**

**क. कार्यपालिकाको निर्णय अनुमोदन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका गाउँकार्यपालिकाले (२०८२ माघ १ देखि २०८३ असार १०) हालसम्म विभिन्न मितिमा बैठक बसी गरेका निर्णयहरु अनुमोदनको लागि गाउँसभामा पेश गर्ने।

**ख. कर्मचारी करार म्याद थप सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वडा कार्यालयहरु तथा गाउँपालिका मातहतका कार्यालयहरुमा २०८३ असार मशान्त सम्म करार रहेको सम्पुर्ण कर्मचारीहरुको आर्थिक वर्ष २०८३/०८४ को लागि श्रावण १ देखि पुस मशान्त सम्म (६ महिना) को लागि करार सम्झौता नवीकरण गरी कामकाज गर्ने/गराउने र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने।

**ग. खर्च अनुमोदन सम्बन्धमा।**

चालु आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिका अध्यक्षज्यूको आदेश बमोजिम सम्पन्न भएका सम्पुर्ण काम/कारवाही योजना तथा कार्यक्रम खाद्यान्न वितरण र आर्थिक सहायता लगायतका सम्पुर्ण भुक्तानीहरु स्वीकृत गरी अनुमोदनका लागि गाउँसभामा पेश गर्ने।

**ङ. न्यायिक समितिद्वारा पेश भएको वार्षिक प्रगति प्रतिवेदन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाको उपाध्यक्ष एवं न्यायिक समितीका संयोजक श्री दुर्गा अर्यालज्यूले पेश गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने र अनुमोदनको लागि गाउँसभामा पेश गर्ने।

**५. विविध सम्बन्धमा।**

**क. खर्च अनुमोदन सम्बन्धमा।**

यस आँबुखैरेनी गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमा उल्लेख भए बमोजिम स्वास्थ्य शिविर अन्तर्गत आँबुखैरेनी गा.पा.वडा नं.३ मा २ चरणमा ५/५ दिन गरि नेलम्बो नेपालसँग सम्झौता गरि सञ्चालन भएको निशुल्क दन्त शिविर कार्यक्रमको खर्च रकम रु.३,३१,०८५/- कार्यक्रमको प्रगति प्रतिवेदन र स्वास्थ्य शाखाको टीप्पणी बमोजिम अनुमोदन गरी भुक्तानी दिने।

Scanned with CamScanner

**ख. खाता परिवर्तन सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाद्वारा सञ्चालित आँबुखैरेनी अस्पतालको खाता गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत श्री विकाश चन्द्र शर्मा र लेखा शाखा प्रमुख श्री विमल प्रसाद पौडेलद्वयको संयुक्त दस्तखतबाट संचालन हुनेगरी खाता परिवर्तन गर्ने ।

Scanned with CamScanner

कार्यपालिका बैठक नं. १४ आ.व.२०८२- ०८३ (२०८३/०३/१०)

आज मिति २०८३/०३/१० गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

## उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | विकास चन्द्र शर्मा | |
| १६ | प्रशा. अधिकृत | शर्मिला अधिकारी | |
| १७ | प्रशा. सहायक | अपेक्षा श्रेष्ठ | |
| १८. | का. सहयोगी | ज्ञानु गुरुङ | ज्ञानु |

Scanned with CamScanner

Budget appropriation in accordance with program / project

FY : २०८३/८४ अवधी : २०८३/०४/०१-२०८३/०५/१०

| क्र.सं. | Code | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | Target | Unit | Allocation | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८०४३८५०११०१ औंदुखैरेनी गाउँपालिका | | | | | | | | | | |
| १ | ५१६.२३.१.१५ | पारिश्रमिक कर्मचारी | २११११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ६८,००,०००.०० | ०.०० | ०.०० | ६८,००,०००.०० |
| २ | ५१६.२३.१.१५ | पारिश्रमिक कर्मचारी | २११११ | आन्तरिक श्रोत | १ | N/A | ७०,००,०००.०० | ०.०० | ०.०० | ७०,००,०००.०० |
| ३ | ५१६.२३.१.३० | पारिश्रमिक पदाधिकारी | २१११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ३०,००,०००.०० | ०.०० | ०.०० | ३०,००,०००.०० |
| ४ | ५१६.२३.१.३० | पारिश्रमिक पदाधिकारी | २१११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| ५ | ५१६.२३.१.३० | पारिश्रमिक पदाधिकारी | २१११२ | आन्तरिक श्रोत | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| ६ | ५१६.२३.१.७ | पोशाक | २११२१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १३,००,०००.०० | ०.०० | ०.०० | १३,००,०००.०० |
| ७ | ५१६.२३.१.१ | महंगी भत्ता | २११३२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ११,००,०००.०० | ०.०० | ०.०० | ११,००,०००.०० |
| ८ | ५१६.२३.१.१ | महंगी भत्ता | २११३२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ९ | ५१६.२३.१.३५ | कर्मचारी व्यवस्थापन तथा परिक्षा संचालन | २११३४ | आन्तरिक श्रोत | १ | N/A | १,००,०००.०० | ०.०० | ०.०० | १,००,०००.०० |
| १० | ५१६.२३.१.१६ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १ | N/A | ५०,००,०००.०० | ०.०० | ०.०० | ५०,००,०००.०० |
| ११ | ५१६.२३.१.२ | वडा समिति बैठक भत्ता | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| १२ | ५१६.२३.१.३४ | विषयगत समिति बैठक भत्ता | २११३९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | २,५०,०००.०० | ०.०० | ०.०० | २,५०,०००.०० |
| १३ | ५१६.२३.१.२८ | न्यायिक समिति पदाधिकारी मेलमिलापकर्ता तथा यातायात प्रोत्साहन भत्ता | २११३९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| १४ | ५१६.२३.१.१७ | आवास सुविधा | २११३९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १३,००,०००.०० | ०.०० | ०.०० | १३,००,०००.०० |
| १५ | ५१६.२३.१.९ | पदाधिकारी बैठक भत्ता ( कार्यपालिका सभा ) | २११४१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| १६ | ५१६.२३.१.३७ | पदाधिकारीअन्य सुविधा | २११४२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| १७ | ५१६.२३.१.१२ | कर्मचारीको योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | २१२१२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| १८ | ५१६.२३.१.१४ | कर्मचारी कल्याण कोष | २१२१४ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| १९ | ५१६.२३.१.४ | पानी तथा बिजुली | २२१११ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ६,५०,०००.०० | ०.०० | ०.०० | ६,५०,०००.०० |
| २० | ५१६.२३.१.१३ | संचार महसुल | २२११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २१ | ५१६.२३.१.३२ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| २२ | ५१६.२३.१.३२ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १,५०,०००.०० | ०.०० | ०.०० | १,५०,०००.०० |
| २३ | ५१६.२३.१.१८ | सवारी साधन मर्मत खर्च | २२२१३ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| २४ | ५१६.२३.१.१८ | सवारी साधन मर्मत खर्च | २२२१३ | आन्तरिक श्रोत | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २५ | ५१६.२३.१.५ | पदाधिकारी जिवन बिमा शुल्क | २२२१४ | आन्तरिक श्रोत | १ | N/A | ३,२०,०००.०० | ०.०० | ०.०० | ३,२०,०००.०० |
| २६ | ५१६.२३.१.२१ | बिमा तथा नवीकरण खर्च | २२२१४ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २७ | ५१६.२३.१.२२ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २८ | ५१६.२३.१.१० | सवारी साधन तथा मेशिनरी औजार भाडा | २२२२१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २९ | ५१६.२३.१.११ | भूमि प्रशासन संचालन | २२३११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ३० | ५१६.२३.१.२६ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २५,००,०००.०० | ०.०० | ०.०० | २५,००,०००.०० |
| ३१ | ५१६.२३.१.२४ | वडा कार्यालय संचालन खर्च | २२३११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ६,००,०००.०० | ०.०० | ०.०० | ६,००,०००.०० |
| ३२ | ५१६.२३.१.२५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ३३ | ५१६.२३.१.३३ | योगशिविर संचालन तथा हल भाडा ( फुलबारी लाओ मन्दिर ) | २२३१९ | आन्तरिक श्रोत | १ | N/A | १,५०,०००.०० | ०.०० | ०.०० | १,५०,०००.०० |
| ३४ | ५१६.२३.१.३११ | मध्यकालिन खर्च संरचना निर्माण | २२४११ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ३५ | ५१६.२३.१.३९० | औंदुखैरेनी गाउँपालिकाको दोस्रो आवधिक योजना निर्माण | २२४११ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | N/A | २,५०,०००.०० | ०.०० | ०.०० | २,५०,०००.०० |

Scanned with CamScanner

## आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
Office Code : ८०४३८५०१३००

**Budget appropriation in accordance with program / project**

FY : २०८३/८४ अवधी : २०८३/०४/०१-२०८३/०५/१०

| क्र.सं. | Code | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | Target | Unit | Allocation | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३७ | ५१६.२३.१.४२ | करार सेवा शुल्क | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ५५,००,०००.०० | ०.०० | ०.०० | ५५,००,०००.०० |
| ३८ | ५१६.२३.१.२९ | करार सेवा शुल्क | २२४१३ | आन्तरिक श्रोत | १ | N/A | १,००,००,०००.०० | ०.०० | ०.०० | १,००,००,०००.०० |
| ३९ | ५१६.२३.१.२९ | करार सेवा शुल्क | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १,७०,००,०००.०० | ०.०० | ०.०० | १,७०,००,०००.०० |
| ४० | ५१६.२३.१.२९ | करार सेवा शुल्क | २२४१३ | गण्डकी प्रदेश - समानिकरण अनुदान | १ | N/A | ५०,००,०००.०० | ०.०० | ०.०० | ५०,००,०००.०० |
| ४१ | ५१६.२३.१.२९ | करार सेवा शुल्क | २२४१३ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १,००,००,०००.०० | ०.०० | ०.०० | १,००,००,०००.०० |
| ४२ | ५१६.२३.१.११ | दिवसिय कार्यक्रम संचालन खर्च | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ४३ | ५१६.२३.१.३१ | प्रविकृत पुष्टि सेवा कार्यक्रम संचालन | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ४४ | ५१६.२३.१.४१ | हरितालिका तिज कार्यक्रम | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १,००,०००.०० | ०.०० | ०.०० | १,००,०००.०० |
| ४५ | ५१६.२३.१.८ | सार्वजनिक सुनुवाइ | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ४६ | ५१६.२३.१.३८ | आदिवासी जनजाती लक्षित विकास कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | २,५०,०००.०० | ०.०० | ०.०० | २,५०,०००.०० |
| ४७ | ५१६.२३.१.२७ | न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता अभिवृद्धी कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| ४८ | ५१६.२३.१.३६ | दलित समुदाय लक्षित कार्यक्रम | २२५२२ | आन्तरिक श्रोत | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ४९ | ५१६.२३.१.४० | माघी वा मगर दिवस तथा ल्होसार कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| ५० | ५१६.२३.१.६ | पालिका स्थापना दिवस कार्यक्रम | २२५२९ | आन्तरिक श्रोत | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ५१ | ५१६.२३.१.३९ | कृष्ण अष्टमी जात्रा व्यवस्थापन कार्यक्रम | २२५२९ | आन्तरिक श्रोत | १ | N/A | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| ५२ | ५१६.२३.१.३ | मध्यकालिन/आवधिक योजना तथा खर्च संरचना निर्माण | २२५२९ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ५३ | ५१६.२३.१.२० | दैनिक भ्रमण खर्च | २२६१२ | आन्तरिक श्रोत | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ५४ | ५१६.२३.१.२३ | अतिथि सत्कार चियापान लगायत विविध खर्च | २२७११ | आन्तरिक श्रोत | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ५५ | ५१६.२३.१.९२ | माई त्रिमोक्षुरी कृषि भवन निर्माण वडा नं.५ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ५६ | ५१६.२३.१.९६ | भोटेधारा अधुरो समुह भवन निर्माण तथा मर्मत योजना वडा नं.५ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ५७ | ५१६.२३.१.९८ | कभर्ड हल निर्माण योजना वडा नं.३ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ४०,००,०००.०० | ०.०० | ०.०० | ४०,००,०००.०० |
| ५८ | ५१६.२३.१.१०१ | जात भञ्ज्याङ मखमली आमा समुह भवन अधुरो योजना वडा नं.६ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ५९ | ५१६.२३.१.११२ | रतनपुर अधुरो समाज भवन निर्माण योजना वडा नं.६ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ६० | ५१६.२३.१.९० | मगर समाज भवन निर्माण योजना वडा नं.३ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ६१ | ५१६.२३.१.९३ | प्युटर गुम्बा अधुरो भवन वडा नं.६ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| ६२ | ५१६.२३.१.४३ | त्रिमोक्षुरी नेवारी समाज भवन निर्माण योजना वार्ड नं.३ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ६३ | ५१६.२३.१.३९२ | भकुण्डी खोउसिङ कृषक समुह कृषि भवन निर्माण योजना | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| ६४ | ५१६.२३.१.९७ | भु.पु. सैनिक भवन निर्माण तथा मर्मत योजना वडा नं.२ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ६५ | ५१६.२३.१.९५ | परियार समाज भवन वडा नं.३ पानीपट्टा | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ६६ | ५१६.२३.१.८५ | तेस्थर तारआहात भवन मर्मत वडा नं.५ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| ६७ | ५१६.२३.१.५२ | त्रिमोक्षुरी धपना मन्दिर निर्माण योजना वडा नं.२ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ६८ | ५१६.२३.१.७६ | अदुवाखर्क किपापुरी बन निर्माण योजना वडा नं.२ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ६९ | ५१६.२३.१.१४० | मङ्कन्या कृषक समुह भवन निर्माण योजना वडा नं.५ | ३११११२ | आन्तरिक श्रोत | १ | N/A | ६,००,०००.०० | ०.०० | ०.०० | ६,००,०००.०० |
| ७० | ५१६.२३.१.८९ | नेपाली समाज भवन निर्माण तथा मर्मत जोगिटार वडा नं.१ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ७१ | ५१६.२३.१.१०० | परियार समाज भवन निर्माण वडा नं.१ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ७२ | ५१६.२३.१.८८ | जयदौरा पाल्दीपाल भवन निर्माण तथा मर्मत योजना वडा नं.५ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |

Scanned with CamScanner

# आँबुखैरेनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, तनहुँ
Office Code : ८०४३८५०१३००

**Budget appropriation in accordance with program / project**

FY : २०८३/८४ अवधि : २०८३/०४/०१-२०८३/०५/१०

| क्र.सं. | Code | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | Target | Unit | Allocation | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७४ | ५११.२३.१.८७ | खोउसिड दर्च भवन मर्मत तथा निर्माण योजना वडा नं.५ | ३११११२ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १,००,०००.०० | ०.०० | ०.०० | १,००,०००.०० |
| ७५ | ५११.२३.१.५८ | अकाला मन्दिर क्षेत्र पुर्वाधार निर्माण योजना वडा नं.१ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | २५,००,०००.०० | ०.०० | ०.०० | २५,००,०००.०० |
| ७६ | ५११.२३.१.१०६ | पानीपट्टा अधुरो समूह भवन निर्माण वडा नं.२ | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ७७ | ५११.२३.१.५६ | आँबुखैरेनी बहुसांस्कृतिक जनजाति संग्रहालय निर्माण योजना | ३११११२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ४०,००,०००.०० | ०.०० | ०.०० | ४०,००,०००.०० |
| ७८ | ५११.२३.१.५९ | सत्रसय मसङ्‌गी अधुरो भवन निर्माण तथा मर्मत वडा नं.१ | ३११११२ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ७९ | ५११.२३.१.१५३ | आबु प्रा.बि. शौचालय निर्माण तथा मर्मत वडा नं.३ | ३११११३ | आन्तरिक श्रोत | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ८० | ५११.२३.१.१६५ | सुगपती आ.बि.को निर्माण तथा मर्मत वडा नं.५ | ३११११३ | आन्तरिक श्रोत | १ | N/A | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| ८१ | ५११.२३.१.१५९ | चण्डिदेवी आ.बि.को पुर्वाधार निर्माण वडा नं.६ | ३११११३ | आन्तरिक श्रोत | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ८२ | ५११.२३.१.१४३ | अन्नपूर्ण आ.बि.को भवन फिनिसिङ कार्य वडा नं.२ | ३११११३ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १,३०,०००.०० | ०.०० | ०.०० | १,३०,०००.०० |
| ८३ | ५११.२३.१.११६ | मिर्जा मा.बि.बाल तथा घेराबार निर्माण योजना वडा नं.१ | ३११११३ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| ८४ | ५११.२३.१.११४ | चण्डेश्वरी आ.बि.को भवन निर्माण तथा मर्मत वडा नं.४ | ३११११३ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ८५ | ५११.२३.१.१२६ | सूर्योदय आ.बि.को पुर्वाधार निर्माण तथा मर्मत वडा नं.१ | ३११११३ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ८६ | ५११.२३.१.५३ | आँपिपल पर्यटन पुर्वाधार निर्माण योजना वडा नं.१ | ३११११३ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| ८७ | ५११.२३.१.१६७ | भूमि व्यवस्थापन तथा पुर्जा वितरण कार्यक्रम | ३११११४ | आन्तरिक श्रोत | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| ८८ | ५११.२३.१.६७ | टोल सुधार समाज कृषि तथा उद्यम विकास पुर्वाधार तथा आर्थिक विकास कार्यक्रम | ३११३२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ३५,००,०००.०० | ०.०० | ०.०० | ३५,००,०००.०० |
| ८९ | ५११.२३.१.६० | असल अभ्यास अध्ययन तथा अवलोकन भ्रमण | ३११३२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ९० | ५११.२३.१.५४ | गाँउपालिकाको प्रगती प्रतिवेदन प्रकाशन तथा श्रव्य दृश्य सामाग्री निर्माण | ३११३२ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ९१ | ५११.२३.१.१२८ | मध्यकालिन/आवधिक योजना तथा खर्च संरचना निर्माण | ३११३५ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | N/A | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९२ | ५११.२३.१.१०२ | तल्लो बजार फुटपाथ तथा नाला निर्माण योजना वडा नं.३ | ३११५१ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| ९३ | ५११.२३.१.११४ | सालडाँडा कृषि मोटर मार्ग सडक स्तरोन्नति योजना वडा नं.२ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ६,००,०००.०० | ०.०० | ०.०० | ६,००,०००.०० |
| ९४ | ५११.२३.१.४८ | लाम्दी घुमाउने बुद्ध सिङ राजमार्ग निर्माण योजना वार्ड नं.५ | ३११५१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १,५०,००,०००.०० | ०.०० | ०.०० | १,५०,००,०००.०० |
| ९५ | ५११.२३.१.४८ | लाम्दी घुमाउने बुद्ध सिङ राजमार्ग निर्माण योजना वार्ड नं.५ | ३११५१ | आन्तरिक श्रोत | १ | N/A | २,०२,५०,०००.०० | ०.०० | ०.०० | २,०२,५०,०००.०० |
| ९६ | ५११.२३.१.४८ | लाम्दी घुमाउने बुद्ध सिङ राजमार्ग निर्माण योजना वार्ड नं.५ | ३११५१ | नेपाल सरकार - समपुरक अनुदान चालु [ आन्तरिक ऋण - नगद (आन्तरिक ऋण)] | १ | N/A | १,८८,००,०००.०० | ०.०० | ०.०० | १,८८,००,०००.०० |
| ९७ | ५११.२३.१.१४७ | खाल्टेपानी खसाड सडक स्तरोन्नति योजना वडा नं.५ | ३११५१ | आन्तरिक श्रोत | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ९८ | ५११.२३.१.८४ | जोंगिटार सडक स्तरोन्नति योजना वडा नं.१ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| ९९ | ५११.२३.१.१५५ | सत्रसय रातामाटे सडक निर्माण योजना वडा नं.१ | ३११५१ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| १०० | ५११.२३.१.७१ | सिलनचोक सडक निर्माण योजना वडा नं.३ | ३११५१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| १०१ | ५११.२३.१.१६३ | तिलवारी दुलिखर्क सडक निर्माण योजना वडा नं.२ | ३११५१ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| १०२ | ५११.२३.१.७५ | डाँडागाउ खौली सडक निर्माण योजना वडा नं.६ | ३११५१ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| १०३ | ५११.२३.१.१०४ | पानीपट्टा सहकारी टोल जोड्ने सडक निर्माण योजना वडा नं.२ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| १०४ | ५११.२३.१.७३ | पानीपट्टा सडक निर्माण योजना वडा नं.३ | ३११५१ | आन्तरिक श्रोत | १ | N/A | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| १०५ | ५११.२३.१.१११ | ढुकालटार मोटरेबल पुल मर्मत योजना वडा नं.२ | ३११५१ | राजस्व बाँडफाँड – स्थानीय | १ | N/A | १५,००,०००.०० | ०.०० | ०.०० | १५,००,०००.०० |
| १०६ | ५११.२३.१.१३४ | बराल्डु मलदाँडा सडक स्तरोन्नति योजना वडा नं.५ | ३११५१ | राजस्व बाँडफाँड - संघीय सरकार | १ | N/A | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| १०७ | ५११.२३.१.११९ | छुम्सिंगे टोल सडक स्तरोन्नति योजना वडा नं.१ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १ | N/A | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| [illegible] | [illegible] | [illegible] | [illegible] | गण्डकी प्रदेश - समानिकरण अनुदान | १ | N/A | [illegible] | ०.०० | ०.०० | [illegible] |

Scanned with CamScanner